अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मितिः २०७६।०२।१४ गते

प्रेस विज्ञप्ति

विषयः घुस रकम सहित नियन्त्रणमा लिइएको ।

हेभी इक्विपमेन्ट डिभिजन कार्यालय पोखरा, कास्कीमा द्वितीय अपरेटर पदमा कार्यरत कुमार लामिछाने र मेट्रो ड्राइभिङ इस्न्टिच्युट, पोखराका सञ्चालक खगेन्द्र प्रसाद काफ्लेले यातायात व्यवस्था कार्यालयबाट लिखित परीक्षा र ट्रायल पास गराइदिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराबाट खटिई गएको टोलीले सेवाग्राहीसँग रू.४०,०००/- (चालीस हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा पोखरा महानगरपालिका वडा नं. १७ ड्यामसाइड स्थित बार्दली रेस्टुरेन्ट एण्ड बारबाट निजहरू कुमार लामिछाने र खगेन्द्र प्रसाद काफ्लेलाई उक्त रकम सहित मिति २०७६/०२/१३ गते नियन्त्रणमा लिई अनुसन्धान भैरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता